# पाल्पाली संगमको विधान २०४७

(विभिन्न पटक भएको संशोधन सहित)

प्रस्तावना,

"जननी जन्मभुमिश्च स्वर्गादपि गरीयसी" भन्ने उक्तिले मान्छे र जन्मस्थानका वीचको भावात्मक सम्बन्ध स्पष्ट पार्छ। जन्मस्थानबाट बाहिर गएकाहरुले नै जन्मस्थान र त्यस संग सम्वद्ध सम्झनालाई ताजा राखेका हुन्छन्। जन्मस्थान भन्दा बाहिर त्यस्तो पहिचानलाई जीवित राख्तै जन्मस्थानसंगको सम्बन्धपनि कायम राख्दछन्। विभिन्न कारणले जन्मस्थान भन्दा बाहिर गएका व्यक्ति र परिवारहरुले आज आफ्ना पहिचानको अभावमा एक्लिने स्थितिमा नपुगियोस भनी आफ्नो पहिचान कायम राख्न र आपसी हितका निम्ती संस्थाहरुको स्थापना गरेर विभिन्न कार्यक्रमहरुको संचालन गरिएका छन्। जसबाट देशको विकास र राष्ट्रिय एकताको समृद्धिमा समेत सहयोग मिलेको छ। यस क्रममा पाल्पा बाहिर गई विभिन्न ठाउँमा बसेका पाल्पालीहरुका बीच सहयोग, सद्भावना र सौहाद्रताको विकास गर्ने उदेश्यले स्थापना गरिएको पाल्पाली संगमलाई विशुद्ध सामाजिक तथा सांस्कृतिक संस्थाका रुपमा संचालन गर्न यो विधान बनाइएको छ।

## परिच्छेद–१–प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :–** यस संस्थाको नाम "पाल्पाली संगम" रहनेछ। यो विधान तत्काल प्रारम्भ हुनेछ।

२. परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

- क) "पाल्पाली संगम" भन्नाले पाल्पा जिल्लासंग वंशका नाताले सम्बन्धित भई हाल पाल्पा बाहिर बसोवास गरिरहेका व्यक्तिहरुको समुहलाई समेत जनाउँछ।
- ख) "सदस्य" भन्नाले यस विधान अनुसार सदस्यता लिई सो सदस्यता कायम राखेको व्यक्तिलाई जनाउँछ।
- ग) संगम भन्नाले पाल्पाली संगमलाई जनाउँछ।
- घ) विधान भन्नाले पाल्पाली संगमको विधान २०४७ लाई जनाउँछ।
- ङ) "कार्य समिति" भन्नाले यस विधान अन्तर्गत गठित कार्य समितिलाई जनाउँछ।
- च) "समिति वा समूह" भन्नाले यस विधान अन्तर्गत गठित विषयगत समुह वा समितिलाई जनाउँछ।

३. **संस्थाको छाप :–** यस संस्थाको आफ्नो पुरा नाम र चिन्ह भएको छाप हुनेछ।

४. **संस्थाको कार्यालय :–** यस संस्थाको प्रधान कार्यालय काठमाण्डौमा र सम्पर्क कार्यालय पाल्पामा रहनेछ। यसका शाखा कार्यालयहरु नेपाल अधिराज्यका अरु स्थानमा पनि रहन सक्नेछन्।

## परिच्छेद–२
## उद्देश्य

**५. संस्थाको उद्देश्य तथा काम कर्तव्य :–** पाल्पा बाहिर बसोवास गरिरहेका पाल्पालीहरुका वीच आपसी सहयोग, सदभावना र सौहार्दताको विकास गरी जन्मस्थानसंगको सम्बन्ध कायम राख्तै पाल्पाली संस्कृतिको सम्बर्द्धन गर्नु यस संगमको उद्देश्य रहनेछ। यस उद्देश्य प्राप्तका लागि संगमले निम्न लिखित कार्यहरु गर्न सक्नेछ।

क) पाल्पालीहरुको विशिष्ट पहिचान देखाउने किसिमको पाल्पा दिवसको आयोजना गर्ने।
ख) पाल्पाली प्रतिभाहरुलाई समुचित सम्मान र पुरस्कार दिने,
गं) पाल्पासंगा सम्बद्ध वा पाल्पालीले लेखेका रचनाको वार्षिक संकलन प्रकाशित गर्ने।
घ) पाल्पाली प्रतिभा, उद्यमी, विधार्थी तथा रोगीहरुका लागि परामर्श सेवा उपलब्ध गराउने।
ङ) साहित्य, कला, संस्कृति तथा ज्ञानविज्ञान समेतका विषयमा प्रवचन, गोष्ठी, प्रदर्शन तथा मंञ्चन आदिको व्यवस्था गर्ने।
च) पाल्पाको सर्वाङगीण विकासका निमित्त गरिने कार्यहरुमा यथासम्भव सहयोग पुऱ्याउने।
छ) दैविप्रकोपबाट पिडित जनतालाई यथासंभव सहयोग पुऱ्याउने।
ज) भवितव्य र दुःखकष्टमा परेका पाल्पालीलाई परिस्थिति अनुसार सहयोग गर्ने।

## परिच्छेद–३
## सदस्यता

**६. सदस्यको योग्यता :–** स्थायी बसोवास र वंशका नाताले पाल्पासंग सम्बद्ध, पाल्पामा वसी योगदान गरेका , पाल्पामा वैवाहिक सम्बन्ध भएका र पाल्पाको सांस्कृतिक विकासमा गहिरो योगदान दिने कुनै पनि व्यक्ति निर्धारित शुल्क तिरी यस संस्थाको सदस्य बन्न सक्नेछन्।

**७. सदस्यको प्रकार :–** संगमका संरक्षक, आजिवन र मानार्थ गरी तीन किसिमका सदस्य हुन सक्नेछन्।

**८. सदस्यको शुल्क र सदस्यता प्रदान गर्ने विधिः–** निर्धारित शुल्क तिरी साधारण, संरक्षक र आजीवन सदस्यता प्राप्त गर्न सकिनेछ। संगमको सदस्यता शुल्क परिशिष्टमा उल्लेख भएको छ। पाल्पासंग सम्बद्ध भई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा योगदान गरेका वा पाल्पाको विकासका निमित्त समर्पित कुनै पनि व्यक्तिलाई कार्य समितिको सिफारिसमा साधारण सभाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

**९. सदस्यको अयोग्यता :–** निर्धारित अवधिभित्र सदस्यता नविकरण नगर्ने वा संगमको उद्देशय विपरीत काम गर्ने कुनै पनि व्यक्ति संगमको सदस्यताबाट स्वतः वंचित हुनेछ। तर पुनः शुल्क तिर्नासाथ वा संगमलाई उचित स्पष्टीकरण दिनासाथ पुनः सदस्यता प्रदान गर्न सकिनेछ।

## परिच्छेद–४
## साधारण सभा र कार्य समिति

**१०. साधारण सभाः–** संगमको संपूर्ण सदस्य भएको साधारण सभा हुनेछ।

**११. साधारण सभाको अधिवेशनः–** (क) संगमको साधारण सभा कम्तीमा वर्षको एक पटक बस्नेछ । साधारण सभा बस्नु एक महिना पूर्व कार्य समितिले त्यसको सूचना संपूर्ण सदस्यहरुलाई दिनु पर्नेछ ।
(ख) यस संगमको एक तिहाइ सदस्यहरुले मनासिव माफिकको कारणहरु उल्लेख गरी साधारण सभा बोलाउन लिखित निवेदन दिएमा सो मिति देखि एक महिना भित्र साधारण सभा बोलाउनु पर्नेछ ।
**१२. साधारण सभाको काम कर्तव्य र अधिकारः–** संगमको वार्षिक बजेट पारित गर्ने, कार्यक्रम तयार गर्ने , विशेष र सल्लाहकार समिति , कार्य समिति ,अन्य कुनै समिति वा समूहले गरेका कार्यहरुको समिक्षा र अनुमोदन गर्ने , मानार्थ सदस्यता प्रदान गर्ने , विभिन्न समितिको गठन गर्ने , सवै समिति वा समूह वा तिनका कुनै सदस्यको राजिनामा स्वीकृत गर्ने तथा सम्मान र पुरस्कारको निणंय गर्ने समेतका कार्यहरु साधारण सभाको हुने छ ।
**१३. कार्य समिति र सल्लाहकार समिति :**
क) सभापति, उप सभापति , महा सचिव, २ जना सहसचिव , कोषाध्यक्ष, र ७ जना सदस्य गरी जम्मा १३ जना सदस्य भएको एउटा कार्य समिति हुने छ । दुई मध्ये १ जना सह सचिव सम्पर्क कार्यालय पाल्पाकालागि निर्वाचत हुनेछ ।
कार्य समिति साधारण सभा प्रति उतरदायी हुने छ । र यसको पदावधि दुई वर्षको हुने छ ।
ख) सदस्यहरुवाट तीन जना सदस्य भएको एउटा सल्लाहकार समिति हुने छ । यसको गठन साधारण सभाले निर्वाचनवाट गर्नेछ । यो समिति साधारण सभा प्रति उतरदायी हुनेछ ।
असाधारण अवस्थामा यस समितिले यस विधान अनुसार कार्य गर्नेछ । असाधारण अवस्था भन्नाले कार्यसमितिले विधान अनुसार सभा नवोलाएको र समयमा चुनाव नगराएको स्थितिलाई जनाउँछ ।
**१४) कार्य समितिको वैठक :** कार्यसमितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । कार्य समितिले आवश्यक ठानेमा जुन सुकै वेलापनि यसको बैठक बस्न सक्नेछ । सभापतिको निर्देशन अनुसार सचिवले कार्य समितिका पदाधिकारीहरुलाई बैठक बस्ने मिति, स्थान, र छलफलका प्रस्तावित विषयहरुको सूचना दिनुपर्नेछ । कार्य समितिको बैठकको गणपुरक संख्या पचास प्रतिशत हुनेछ र बैठकको निर्णय पनि सामान्य बहुमतको आधारमा हुनेछ ।
**१५) कार्य समितिको काम ,कर्तव्य र अधिकार :** सामान्यतः कार्य समितिको काम ,कर्तव्य र अधिकार संगमको उद्धेश्य हासिल गर्न **परिच्छेद** ५ मा उल्लेखित कार्यहरु गर्नु हुनेछ ।

## परिच्छेद - ५

## कार्य समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार

१६. कार्य समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

**क) सभापति :** कार्य समिति तथा अन्य समूहलाई आवश्यक निर्देशन दिनु , संगमको उद्धेश्य प्राप्तीका लागि अन्य निकायहरुसंग सम्पर्क राख्नु , कार्य समितिका वैठकहरुको अध्यक्षता गर्नु र साधारण सभाको अध्यक्षता गर्नु सभापतिको काम कर्तव्य हुनेछ ।

**ख) उप सभापति :** सभापतिलाई सहयोग गर्नु र सभापतिको अनुपस्थितिमा सभापतिको दायित्व बहन गर्नु उपसभापतिको काम हुनेछ ।

**ग) महा सचिव :** कार्यसमितिले तोकेको काम गर्नु , समूह वा समितिका कामहरुको सयोजन गर्नु , साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु ,बैठक बोलाउनु , निर्णयहरु कार्यान्वयन गर्नु र पत्राचार गर्नु सचिवको काम हुनेछ ।

**घ) सह सचिव :** सचिवको अनुपस्थितिमा निजको काम गर्नु र सम्पर्क कार्यमा सहयोग गर्नु सह सचिवको काम हुनेछ ।

**ङ) कोषाध्यक्ष :** संगमको सम्पूर्ण हिसाव किताव राखनु , आर्थिक विवरण तयार पार्नु र लेखापरिक्षण गराई वार्षिक सभामा पेश गर्नु कोषाध्यक्षको काम हुनेछ ।

## परिच्छेद - ६

## आर्थिक अवस्था

**१७. आर्थिक श्रोत :** सदस्यता शुल्क , सेवा शुल्क र सहयोग आदिका रुपमा संगमलाई प्राप्त रकम संगमको आर्थिक श्रोत हुनेछ ।

**१८. चल अचल सम्पतिको विवरण :** कार्य समितिले संगमको सम्पुर्ण चल अचल सम्पतिको पूर्ण विवरण राख्नेछ र साधारण सभामा वार्षिक प्रतिवेदन दिदा त्यसको विवरण पनि दिनेछ ।

**१९. कोष :**

क) संगमलाई प्राप्त भएको नगद पल्पाली संगमको नाममा खाता खोली कुनै वाणिज्य बैंकमा राखिनेछ वा सभापति र सचिव र कोषाध्यक्षको सयुक्त दस्तखतवाट त्यसको सचांलन हुनेछ ।

ख) पाल्पाली संगमको एउटा अक्षय कोष पनि हुनेछ र जसमा आजीवन सदस्यता र विभिन्न श्रोतवाट प्राप्त रकम राखिनेछ र त्यसको व्याजवाट संगमका कार्यहरुको सञ्चालन हुनेछ ।

**२०. लेखापरिक्षण** : संगमको आम्दानी खर्च कुनै मान्यता प्राप्त लेखापरिक्षक द्धारा जचाई वार्षिक साधारण सभामा प्रस्तुत गरिनेछ ।

## परिच्छेद - ७

## विविध

**२१. निर्वाचन सम्वन्धि व्यवस्था** :साधारण सभाले तीन सदस्यीय निर्वान समितिको गठन गर्नेछ ।
क) यस समितिले संगमको कार्य समिति र सल्लाहकार समितिको निर्वाचन गराउन र त्यस सम्वन्धि नियमहरु बनाउने कार्य गर्नेछ ।
ख) निर्वाचन गोप्य मतदानद्धारा मतदाता आफै उपस्थित भई सम्पन्न गर्नु पर्नेछ ।
ग) प्रत्येक निर्वाचन आगामी दुई बर्षका लागि चैत्र मसान्त भित्र भई सक्नु पर्नेछ ।
घ) १६ वर्ष मुनिका र मानार्थ सदस्यलाई मतदानमा सम्मिलित गराईने छैन ।

**२२. उम्मेदवार हुने अयोग्यता** : १६ बर्ष उमेर पुगेकाले सदस्यता प्राप्त गरी मतदानमा भाग लिन पाउने छन् तर, २१ बर्ष पुगेका सदस्यले मात्र कार्य समितिमा उम्मेदवार हुन सक्नेछन् ।

**२३. अविश्वासको प्रस्ताव** : संगमको एक तिहाई सदस्यको हस्ताक्षर सहित साधारण सभामा प्रस्तुत भएको पुरा कार्य समिति वा त्यसका कुनै सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव साधारण सभामा उपस्थित दुई तिहाई सदस्यको बहुमतवाट पारित हुनेछ । यस्तो स्थितिमा रिक्त हुन आएको स्थानका लागि वाकी अवधिका लागि चुनाव गरिनेछ ।

**२४. विधान संशोधन** : साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले संशोधन गर्ने प्रस्ताव पारित गरेमा संगमको विधानमा संशोधन हुन सक्नेछ । स्थानीय अधिकारीको स्विकृति लिई सो संशोधित विधान तुरुन्त लागु गर्न सकिनेछ ।

**२५. नियम वनाउने** : यस विधान अन्तरगत रही उप नियमहरु वनाउने अधिकार कार्य समितिको हुनेछ । यसरी वनाईएको उपनियमहरु पछि साधारण सभावाट अनुमोदन गर्नेगरी तुरुन्तै लागु गर्न सकिनेछ । तर, साधारण सभावाट अनुमोदन नभएमा स्वतः खारेज हुनेछन् ।

**२६. संस्थाको विघटन** : संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारणवस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जाय जेथाको स्वामित्व नेपाल सरकारमा सर्नेछ ।

**परिशिष्ट**

**सदस्यता शुल्क :** दफा ८मा उल्लेख भए अनुसार संगमको सदस्यता शुल्क निम्नानुसार निर्धारण गरिएकोछ ।

अ) १)साधारण वार्षिक सदस्यता शुल्क रु २५(खारेज गरिएको)

२) दुई वर्षे सदस्यता शुल्क एकै पटक रु ५०(खारेज गरिएको)

३) आजिवन एकैपटक रु १०००

४) संरक्षक सदस्यता शुल्क वार्षिक रु ५०००

५) आजिवन संरक्षक सदस्यता शुल्क न्यूनतम रु १०,०००